साकेला गाउँपालिका, मानेभञ्ज्याङ, खोटाङ

कोशी प्रदश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : (८) साकेला अषाढ १० गते, २०८१ साल

## साकेला गाउँपालिकाको कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना :- कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी तह वृद्धि सम्बन्धि कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, साकेला गाउँ कार्यपालिका, मानेभञ्ज्याङले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. सक्षिप्त नाम र प्रारम्भ :- (१) यो कार्यविधिको नाम "साकेला गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्वन्धि कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. परिभाषा :- विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. "ऐन" भन्नाले कोशी प्रदेशवाट जारी भएको स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

ख. "कर्मचारी" भन्नाले साकेला गाउँपालिका अन्तर्गतको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साकेला गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोक सेवा आयोगवाट सिफारिस भै साकेला गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ ।

ग. "प्रदेश" भन्नाले कोशी प्रदेश, विराटनगर, नेपाललाई सम्झनु पर्दछ ।

घ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साकेला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ "गाउँ कार्यपालिका" भन्नाले साकेला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च. गाउँपालिका" भन्नाले साकेला गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ. "कार्यालय" साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज. "प्रदेश" लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग, विराटनगर, नेपाललाई सम्झनु पर्दछ ।

झ. "परामर्श" भन्नाले प्रदेश लोक सेवा आयोगले स्थानीय सरकारी सेवा गठन तथा सञ्चाल ऐन, २०८० र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगर, नेपालले उपलब्ध गराएको परामर्श सम्झनु पर्दछ

ञ. "प्रदेश कितावखाना" भन्नाले कोशी प्रदेशमा स्थापित प्रदेश कितावखाना सम्झनु पर्दछ।

३. सूचना प्रकाशन गर्ने :- (१) यों कार्यविधि बमोजिम यस कार्यालयमा कार्यरत स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा २७ को (१) र (३) मा व्यवस्था भए बमोजिम साकेला गाउँपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ १५ र मंसिर १५ गते सम्ममा सम्भाव्य उम्मेदवारहरुको लागि ३० दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गरिने छ

(२ उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

४. निवेदन दिनु पर्ने :- कार्यविधिको दफा (६) र (७) बमोजिम तह वृद्धि हुन योग्यता पूरा गरेका स्थायी कर्मचारीले दफा (३) मा तोकिएको म्यादभित्र कार्यालयमा देहायका कागजातहरु सहित तह वृद्धिको अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

क. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सकल निवेदन,

ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,

ग. सेवा अवधि पुष्टि गर्ने नियुक्ति / बढुवा नियुक्तिको प्रतिलिपि,

घ. स्थानीय तहमा समायोजना भएको पत्रको प्रतिलिपि,

ङ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

च. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलव्ध गराउने प्रमाण पत्रको प्रतिलिपि ( आवश्यक हुनेको हकमा मात्र)

छ. कार्यविधिको दफा (५) वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

५. सिफारि समिति : - (१) ऐन वमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न देहाय पमोजिमको गाउँ कार्यपालिकाले तोकेको सिफारिस समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख. कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी -सदस्य

(२) सिफारिस समितिको वैठकको आधरभूत मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :

(१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्वन्धित सेवा समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(२) उपदफा (१) वमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन । तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशको लागि तोकिएको योग्यता भए पुग्नेछ ।

७. तह वृद्धि सम्वन्धी विशेष व्यवस्था : (१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीहरुका हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तह वृद्धि हुने व्यवस्था हुनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको सहायक चौथो र पाचौं तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वत : एक तह वृद्धि हुनेछ । निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वत : खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीहरुलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

८. जेष्ठता गणना सम्बन्धी विशेष व्यवस्था : (१) ऐन वमोजिम तह वृद्धि प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(२) उपदफा (१) वमोजिम जेष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेकोअवधि र उमेरलाई क्रमश : आधार लिई छुट्याउनु पर्नेछ ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा छटौं तहमा नियुक्ति भई ऐन वमोजिम सातौं तहमा तह मिलान भएका कर्मचारीको जेष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ ।

(४) यस कार्यविधिको दफा (६) र (७) वमोजिम तह वृद्धि हुने कर्मचारीको प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

९. बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परापर्शमा नगर कार्यपालिकामा रहनेछ ।

१०. तह वृद्धि गर्न नहुने : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारीलाई देहायको अवस्थामा देहायको अवधिभर यस कार्यविधिको दफा (५) को उपदफा (१) वमोजिमको समितिल तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैन : -

क. निलम्वन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह वृद्धि रोक्का भएकोमा तह वृद्धि रोक्का भएको अवधिभर,

ग. तलव वृद्धि रोक्का भएकोमा तलववृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा (४१) वमोजिम सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

११. तह वृद्धि गर्नु पर्ने : कानून बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि यस कार्यविधिको दफा (५) को उपदफा (१) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ (सात) दिनभित्र तह वृद्धिको लागि सिफारिस गरि सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ (सात) दिनभित्र यस कार्यविधिको दफा (६) तथा कार्यविधिको दफा (७) मा गरिएको विशेष व्यवस्था वमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले निमानुसार अनुसूची - २ वमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिनु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

१२. सार्वजनिक गर्नु पर्ने : तह वृद्धि भएका कर्मचारीहरुको विवरण गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो सूचना पाटी र वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१३. तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा : (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१४. सचिवालय :- तह वृद्धि सम्बन्धी कार्यमा नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ।

१५. जानकारी दिनु पर्ने :- यस कार्यविधि बमोजिम तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय, प्रदेश किलावखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ।

१६. उजुरी / गुनासो : तह वृद्धिको निर्णय उपर चित्त नवुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी / गुनासो गर्न सकिने छ।

१७. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. खारेजी र बचाउ : (१) यो कार्यविधि नेपालको संघीय कानून, प्रदेश कानून वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(२) यो कार्यविधि लागू हुनु पूर्व यस साकेला गाउँपालिकाबाट भएको कर्मचारीहरुको तह वृद्धि यसै कार्यविधि वमोजिम भएको मानिने छ।



साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ खोटाङ कोशी प्रदेश नेपाल

अनुसूची - १
(कार्यविधिको दफा ४ को उपदफ (१) सँग सम्बन्धित)
तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रमुख प्रशासकीय अधिकृत ज्य,
साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङ ।

विषय : तह वृद्धि गरि पाउँ ।

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्बन्धी मिति । । । गतेको प्रकाशित सूचना अनुसार हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल :

१. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सकल निवेदन,
२. शैक्षिक योग्यताको प्रेमाण पत्रको प्रतिलिपि,
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति /बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
५. विभागिय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
७. कार्यविधिको दफा (५) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेको अन्य कागजातहरु ।

| हाल कार्यरत | तह वृद्धि गर्ने : |
|---|---|
| पद : | पद : |
| सेवा : | समूह / उप समूह |
| समूह / उप समूह | तह : |
| :कार्यालय : | कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठीक साँचो हो झुटा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

आज्ञाले,
नाम :
दस्तखत
क. सं. नम्बर
मिति :



साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, १ नं. प्रदेश, नेपाल
स्था. २०७३

अनुसूची २
(कार्यविधिको दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

विषय : तह वृद्धि गरिएको सम्बन्धमा ।

तपाईंलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र साकेला गाउँ कार्यपालिकाको कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ११ बमोजिम गाउँ कार्यपालिकाको मिति । । गतेको निर्णयानुसार मिति गतेदेखि जेष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिमको तहमा तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना । तपाईंलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र ऊर्जाका साथ कार्यसम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

**तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना छ ।**

तपसिल :

| साविकको पदको विवरण | तह वृद्धि गरिएको पदको विवरण |
|---|---|
| सेवा : स्थानीय | सेवा : स्थानीय |
| समूह : | समूह : |
| पद : | पद : |
| श्रेणी / तह : | श्रेणी / तह : |
| कार्यरत कार्यालय : | पदस्थापन भएको कार्यालय : |

श्री .....................
कर्मचारी संकेत नम्बर :
बोधार्थ :
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, पुल्चोक, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ ।
श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं ।
श्री सावधिक जीवन बीमा कोष, नयाँबानेश्वर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ, दिक्तेल ।
श्री आर्थिक प्रशासन शाखा, साकेला गाउँपालिकाको कार्यालय, मानेभन्ज्याङ, खोटाङ ।

आज्ञाले
महेश राई
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८१ । ०५ । २१

साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मानेभन्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल, स्था. २०७३